आज मिति २०८२/०१/०६ गते यस निस्दी गाउँपालिकाको ८१ औं गाउँ कार्यपालिका बैठक यसै निस्दी गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षता तथा तपसिल अनुसारको उपस्थितिमा बैठक बसी देहाय अनुसारको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना

४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी

५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती

६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी

७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै

८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी

९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा

१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी

११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै

१२. कार्यपालिका सदस्य श्री मिम्श्री बयम्बु

१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी

१४. कार्यपालिका सदस्य श्री रिकलाल कामी

१५.कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.

१६.प्रमुख प्रशासकीय अधिकृत श्री मदन अर्याल

अन्य सहयोगी कर्मचारी १७. प्रशासन अधिकृत श्री अर्जुन खनाल

१८. लेखा अधिकृत श्री सरोज काफ्ले

१९. कार्यालय सहयोगी श्री लाल ब खन्गाहा

**मिति २०८२। ०१।०६ गते बसेको निस्दी गाउँपालिकाको ८१ औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१ .गत कार्यपालिकाको निर्णय समिक्षा तथा रिपोटिङ्ग सम्बन्धमा ।

२. सभा हल उद्घाटन सम्वन्धमा ।

३. प्रदेश समपुरक तथा विशेष अनुदानको आयोजना छनौट सम्वन्धमा ।

४. विविध ।

२०८२।०१।०६

दन अयाल
प्रमुख प्रशासकीय अधिकृ

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

मुक्त बहादुर सारु
अध्यक्ष

## मिति २०८२।०१।०६ गते बसेको निस्दी गाउँपालिकाको ८१ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा भएको पाइयो । प्रमुख प्रशासकीय अधिकृत बाट गाउँ कार्यपालिकाको कार्यालय बाट सम्पादन भएका सेवा प्रवाह ,सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन, जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्रीको मिति २०८१/०१/१३ गते यस गाउँपालिकामा हुने अनुगमन तथा भ्रमणको अवसरमा बहुउद्देश्यीय सभाहलको उद्धाटन गर्ने निर्णय गरियो । उद्धाटनको लागी लाग्ने सम्पूर्ण खर्च विविध खर्च शिर्षकबाट भूक्तानी गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा आ व २०८२/०८३ को लागि लुम्विनी प्रदेश सरकार संग देहायको समपुरक तथा विषेश अनुदानको आयोजना माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**समपुरक आयोजना**

| क्र स | आयोजनाको नाम | स्थान | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १. | केम खाम्चा मार्ग स्तरोन्नती तथा ग्राभेल | वडा नं १ ,२ ,३, ४ ,६ र ७ | लुम्विनी प्रदेश १.५ करोड गाउँपालिका १.५ करोड गरी ३ करोड | |

**विशेष आयोजना**

| क्र स | आयोजनाको नाम | स्थान | रकम रु | कैफियत |
|---|---|---|---|---|
| . | निस्दी गाउँपालिका स्तरीय सरसफाई अभियान | निस्दी गा पा सबै वडा | ४० लाख | |

. प्रस्ताव नं ४ माथि छलफल गर्दा देहाय अनुसार निर्णय गरियो ।

क ) निस्दी गाउँपालिका वडा नं -०७ ज्यामिरे सरस्वति मा.वि मा ट्रस्ट निर्माण भईरहेको सन्दर्भमा ठेक्काको लागत नुमानमा नपरेको ट्रस्ट संख्या थप गरि संरचनाको उपयोग गर्नु पर्ने देखिएकोले ट्रस्ट निर्माण गर्न रु ३० हजार टेनजेन्सी खर्च शिर्षकबाट भूक्तानी गर्ने गरि निर्णय गरियो ।

२०८२।१।६

मदन ज्याल
प्रमुख प्रशासकीय अधिकृत

मुक्त बहादुर सारु
अध्यक्ष

ख)मिति २०८२/०१/०३ गते बसेको गाउँ शिक्षा समिति बैठको निर्णयलाई सर्वसम्मत अनुमोदन गरियो।

ग) केलादी प्रहरी चौकी लाई निस्दी गाउँपालिका वडा नं ०१ बाकामलाङ्गको कालीगण्डकी नदीको भोटाहा घाट र बौदीकाली नदीको घाट क्षेत्रबाट नदिजन्य पदार्थको चोरी निकाशी रोक्न पत्राचार गर्ने निर्णय गरियो।

घ) निस्दी गाउँपालिका वडा नं १ भोटाहामा डम्पीङ्ग भएको नदिजन्य पदार्थको सन्दर्भमा मिति २०८१/११/०७ गते नदिजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति, पाल्पाले दिएको प्रतिवेदन अनुसार २०३१७.४४ घन मिटर नदिजन्य पदार्थ रहेको साथै लुम्विनी प्रदेशको मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयको च .नं शा. सू २६६ मिति २०८१/१२/२५ गतेको ढुंगा ,गिट्टि ,वालुवा को व्यवस्थापन सम्वन्धमा प्रचलित कानून बमोजिम गर्नु भन्ने प्राप्त पत्रानुसार लुम्बिनी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन अनुसार उल्लेखित क्षेत्रमा डम्पिङ्ग गरि राखेको नदिजन्य पदार्थको दर प्रति क्यू फुट रु ८ (भ्याट बाहेक) कायम गरि कार्यान्वयनको क्रममा आइपर्ने विषयमा कार्यपालिकाको निर्णयानुसार बाधा अड्काउ फुकाउने गरी जे जस्तो अवस्थामा छ सोहि अवस्थामा E-tender मार्फत बिक्री प्रवन्ध गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

ङ) निस्दी गाउँपालिका वडा नं ४ स्थित विरुवा खोला असपासको क्षेत्रमा सम्भावित विपद् न्यूनिकरण गर्न प्राविधक लागत अनुमान तयार गरि कार्य अगाडी वढाउन र भूक्तानी विपद् व्यवस्थापन शिर्षक बाट गर्न गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो।

च) निस्दी गाउँपालिकामा चौथो त्रैमासिकमा कुल जम्मा ५९६ जनालाई वितरण गरिने सामाजिक सुरक्षाको रकम रु ६५,८९,२०० नपुग हुने देखिएकोले उक्त रकम माग गर्नको लागी सम्वन्धित निकायमा माग सिफारिस गर्न गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो।

२०८२।१।१६

नरेन्द्र अर्याल
प्रमुख प्रशासकीय अधिकृत

मुक्त बहादुर सारु
अध्यक्ष